# स्थानीय राजपत्र

**कञ्चनरुप नगरपालिका सप्तरीद्वारा प्रकाशित**

**वर्ष ६) संख्या १ )** **मिति : २०८१ साल जेष्ठ १४ गते**


## नगर स्तरीय स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी व्यवस्थापन कार्यविधि-२०८१

### प्रस्तावना

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी साथै कञ्चनरुप नगरपालिकाको शिक्षा ऐन,२०८० को दफा १३ (ग) को अधिनमा रही कञ्चनरुप नगर कार्यपालिकाले यो नगर स्तरीय स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी व्यवस्थापन कार्यविधि -२०८१ जारी गरेको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**संक्षिप्त नाम र परिभाषा :-**

**१. संक्षिप्त नाम र प्रारम्भ** (१) यस कार्यविधिको नाम कञ्चनरुप नगरपालिका स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी व्यवस्थापन कार्यविधि-२०८१ रहेको छ ।

**२.** यो कार्यविधि कञ्चनरुप नगरपालिका क्षेत्रभर लागू हुनेछ ।

**३.** यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) “ ऐन” भन्नाले स्थानीय सरकार संचालन ऐन,२०७४ लाई सम्झनुपर्छ ।

(ख) “कार्यविधि” भन्नाले कञ्चनरुप नगरपालिकाको स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी व्यवस्थापन कार्यविधि-२०८१ लाई सम्झनुपर्छ ।

(ग) “कार्यपालिका” भन्नाले कञ्चनरुप नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(घ)“ नगरपालिका” भन्नाले नेपालको संविधान बमोजिम गठन भएको नगरपालिका सम्झनुपर्छ ।

(ङ) “शिक्षक सेवा आयोग” भन्नाले संघीय कानून अनुसार गठित शिक्षक सेवा आयोग सम्झनुपर्छ ।

(च) “ शिक्षा,युवा तथा खेलकुद् शाखा” भन्नाले कञ्चनरुप नगर कार्यपालिकाको शिक्षा,युवा तथा खेलकुद् शाखा सम्झनुपर्छ ।

## परिच्छेद-२

### सामुदायिक विद्यालयको स्वयंसेवक शिक्षक / विधालय कर्मचारी नियुक्ति सम्बन्धी व्यवस्था :

**४.** समुदायद्धारा संचालित विद्यालयमा शिक्षक दरबन्दी न्यून भएका, विधार्थी-शिक्षक संख्याको अनुपात बमोजिम शिक्षकको दरबन्दी कम भएमा, आधारभूत तथा माध्यमिक विद्यालयमा विषयगत शिक्षकको दरबन्दी कमी भएमा, विधालय कर्मचारी नभएको वा थप विधालय कर्मचारी आवश्यक भएको विद्यालयहरुमा

थप स्वयंसेवक शिक्षक/ विधालय कर्मचारी भर्ना गर्नुपर्ने भएमा भर्ना गर्नुपर्ने शिक्षक तथा विधालय कर्मचारीको पद संख्या, आवश्यक न्यूनतम शैक्षिक योगयता, दरखास्त बुझाउने स्थान तथा अन्तिम मिति ,परीक्षा हुने मिति र स्थान समेतको विवरण खुलाई कम्तीमा १५ दिनको म्याद दिई विज्ञापन गर्नुपर्नेछ र त्यसरी विज्ञापन गरेको सूचना सवैले थाहा पाउने गरी नगर कार्यपालिका र वडा कार्यालयको सूचना पाटीमा टाँस गर्नुपर्नेछ। नगरपालिकाले सो सूचना स्थानीय या राष्ट्रियस्तरको पत्रिका,बुलेटिनमा साथै नगरपालिकाको वेवसाईटमा समेत राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

**५.** सामुदायिक विद्यालयमा करारमा स्वयंसेवक शिक्षक तथा विदालय कर्मचारी नियुक्तिको लागि नगरपालिकामा देहाय बमोजिमको एक शिक्षक/ विधालय कर्मचारी छनौट समिति रहनेछः

(क) ) प्रमुख प्रशासकीय अधिकृत वा प्र.प्र. अ. ले तोकेको व्यक्ति- संयोजक

(ख) नगर शिक्षा समितिको संयोजकले तोकेको नगरपालिकाको उच्चत्तम विद्यालयका विषय विशेषज्ञ- १ जना सदस्य

(ग) नगर शिक्षा समितिले तोकेको नगरपालिकाको उच्चत्तम विद्यालयका विषय विशेषज्ञ- १ जना सदस्य

घ) नगर शि क्षा समितिले तोकेको शिक्षा समिति सदस्य- १ जना सदस्य

(ङ) शिक्षा अधिकृत - सदस्य-सचिव

(च) करारमा स्वयंसेवक शिक्षक/विधालय कर्मचारी नियुक्तिका लागि नगरपालिकाले विषय विशेषज्ञको सूची अध्यावधिक गरी राख्नुपर्नेछ र सोही सूचीबाट विषय विशेषज्ञलाई आवश्यक्तानुसार शिक्षक छनौट समितिमा राख्न सकिनेछ ।

(च) शिक्षक/विधालय कर्मचारी छनौट समितिले शिक्षक नियुक्तिका लागि लिइने परीक्षा केन्द्र नगरपालिका वा अन्तर्गतका पायक पर्ने विद्यालयमा राख्नुपर्नेछ ।

**६.** दफा (१) बमोजिम स्वयंसेवक शिक्षक/विधालय कर्मचारी पदमा निवेदन दिने उम्मेद्वारले दरखास्त दिने अन्तिम म्याद सम्ममा १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ। महिलाको हकमा ४५ वर्ष ननाघेको हुनु पर्नेछ।आफ्नो न्यूनत्तम शैक्षिक योग्यता,नेपाली नागरीकताको प्रमाणपत्र,अध्यापन अनुमतिपत्र, र तोकिएको ढाँचामा निरोगिता प्रमाणपत्र निवेदनसाथ पेश गर्नुपर्नेछ।

**७.** दफा (६) मा जुनसुकै कुरा लेखेको भएता पनि विज्ञान विषय र कम्प्युटर विषयका शिक्षक पदमा आवेदन दिंदा अध्यापन अनुमतिपत्र नभएपनि एक पटकका लागि उम्मेद्वार वन्न वञ्चित हुनेछैन। साथै विदालय कर्मचारीको हकमा अध्यापन अनुमतिपत्रको आवश्यक नपर्ने।

**८.** शिक्षक छनौट समितिको बैठक सम्बन्धि अन्य विषय सो समितिले आफैले निर्धारण गरेबमोजिम हुनेछ।

**९.** आधारभूत तहको शिक्षकको उम्मेद्वार हुनको लागि प्रा.वि./ नि.मा.वि. तहको अध्यापन अनुमतिपत्र भए आवेदन दिन पाउने छन्।

**१०. स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारीको माग संकलन सम्वन्धमाः** नगरपालिकाको शिक्षा शाखाले प्रत्येक विधालयबाट विषयगत रुपमा आवश्यक स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी कोटाको संख्या शैक्षिक सत्र शुरु हुनु भन्दा ३ महीना अगावै माग गरी स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी कोटा वितरणको लागि आवश्यक विधालय एकिन गर्ने र सोही बमोजिम शिक्षक तथा विधालय कर्मचारी नियुक्तिको प्रकृया पूरा गरी शिक्षक तथा विधालय कर्मचारी नियुक्त गरी सम्वन्धित विधालयलाई स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी उपलव्ध गराउने।

**११. स्वयंसेवक शिक्षकको तहगत विज्ञापन र योग्यता सम्वन्धी व्यवस्थाः** (१) करारमा स्वयंसेवक शिक्षक पदपूर्तीका लागि देहाय बमोजिम विज्ञापन प्रकाशन गर्नुपर्नेछः

(क) आधारभूत तह(कक्षा१-८) विषयगत शिक्षक

(ख) माध्यमिक तह(कक्षा९-१०) विषयगत शिक्षक

(२) आधारभूत तह शिक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा सम्वन्धित विषयमा प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ।

(३) माध्यमिक तहको शिक्षकको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षा शास्त्रमा सम्वन्धित विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ।

**१२. विधालय कर्मचारीको लागि चाहिने योग्यता सम्वन्धी व्यवस्थाः** विधालय कर्मचारी पदको उम्मेद्वार हुनको लागि मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा कक्षा-८ उत्तीर्ण वा सो भन्दा माथिल्लो योग्यता हासिल गरेको हुनु पर्नेछ।

**१३. दरखास्तको छानविन प्रवेशपत्रसम्बन्धी व्यवस्था :**

(१) दफा (६) र (१०) बमोजिम पर्न आएको दरखास्त छानविन गर्दा रीत पुगेको देखिएमा छनौट समितिले सम्बन्धित उममेद्वारलाई प्रवेशपत्र दिनुपर्नेछ।

(२) छनौट समितिले समान्यतया कुनै पनि दरखास्त शर्त राखी स्वीकृत गर्ने छैन।

(३) यस दफा बमोजिम विज्ञापन वा परीक्षा रद्द गरिएमा वा उम्मेद्वारको दरखास्त अस्वीकृत भएमा उम्मेद्वारले बुझाएको परीक्षा दस्तुर फिर्ता हुनेछ। तर दफा (७) बमोजिम दरखास्त रद्द भएमा परीक्षा दस्तुर फिर्ता हुने छैन।

**१४. दरखास्त रद्द वा सिफरिस बदर हुन सक्ने** :

(१) कुनै उम्मेद्वारले झुट्टा विवरण दिएको प्रमाणित भएमा, वा परीक्षाको मर्यादा भंग गरेमा वा त्यस्तो कार्य गर्ने उद्योग गरेमा छनौट समितिले त्यस्तो उम्मेद्वारको दरखास्त रद्द गर्न सक्नेछ।

**१५. स्वीकृत नामावलीको सूची टाँस गर्नुपर्ने :**

छनौट समितिले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सवै उम्मेद्वारहरुको नामावलीको सूची तयार गरी सूचना पाटीमा टाँस गर्नुपर्नेछ।

**१६. परीक्षा हुने मिति,समय र केन्द्र :** यस दफा बमोजिम लिने परीक्षा **छनौट समितिले तोकेको मिति, समय र केन्द्रमा** सञ्चालन हुनेछ।

**१७. लिखित परीक्षाको पाठ्यक्रम सम्वन्धमाः** स्वयंसेवक शिक्षकको माध्यमिक तथा आधारभूत तहको लिखित परीक्षाको पाठ्यक्रम नेपाल सरकार, शिक्षक सेवा आयोगको **शिक्षक सेवा आयोग नियमावली,२०५७** मा व्यवस्था भए बमोजिम हुनेछ।

**१८. परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :**

(१) परीक्षा छनौट समितिबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहायबमोजिम हुनेछ :

**स्वयंसेवक शिक्षककको लागि ( माध्यमिक तथा आधारभूत तह)**

(क) सामान्य परीक्षा-**१००** पूर्णाङ्क (ख) विषयगत परीक्षा -**१००** पूर्णाङ्क (ग) अन्तरवार्ता-२**५** पूर्णाङ्क

(२) उपदफा (१) बमोजिम लिइने सामान्य र विषयगत परीक्षाको उत्तीर्णाङ्क क्रमशः **५०** र **४०** हुनेछ। (२) विषयको प्रकृति हेरी आवश्यक ठानेमा छनौट समितिले सम्बन्धित विषयको विशेषज्ञको सहयोगमा प्रयोगात्मक परीक्षा समेत लिन सक्नेछ ।

३) पहिलो चरणको सामान्य परीक्षामा उत्तीर्ण हुने उम्मेद्वारलाई मात्र दोस्रो चरणको विषयगत परीक्षामा सामेल गराइनेछ।

**विधालय कर्मचारीको लागि**

**अन्तरवार्ता(सामान्य ज्ञान)-१०० पूर्णाङ्क**

**उत्तीर्णाङ्क- ५०**

**१९. सफल उम्मेद्वारको सूची प्रकाशन गरिनेः**

लिखित र अन्तरवार्ता परीक्षा लिइए पश्चात् सो परीक्षासमेतबाट उत्तीर्ण भई सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारहरु मध्येबाट देहायका अनुपातमा उत्तीर्ण उममेद्वारहरु थप गरी अन्तवार्ताका लागि उम्मेद्वारको नाम वर्णानुक्रमअनुसार प्रकाशन गरिनेछ :

| रिक्त संख्या : | थप हुने संख्याः |
|---|---|
| १-५ | २ |
| ६-१० | ३ |
| ११-१५ | ४ |
| १५-२० | ५ |

**२०. अन्तरवार्ता सम्बन्धी व्यवस्था :**

यस दफा बमोजिम अन्तरवार्ता लिंदा शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिम अन्तरवार्ता कार्यक्रम संचालन गरिनेछ।

**२१. योग्यताक्रम प्रकाशन गरिने सम्बन्धमा :**

यस दफा बमोजिम योग्यताक्रम प्रकाशित गर्दा शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिम प्रकाशन गर्नुपर्नेछ ।

**२२. वैकल्पिक उम्मेद्वारलाई नियुक्ति गर्न सकिने :** यस दफा बमोजिम नियुक्ति गर्नुपर्दा शिक्षक सेवा आयोग नियमावली,२०५७ बमोजिम प्रकाशन गर्नुपर्नेछ।

**२३. सफल उम्मेद्वारको नियुक्ति सिफारिस तथा नियुक्ति :** यस दफा बमोजिम सफल उम्मेद्वारको नियुक्ति सिफारिस तथा नियुक्ति गर्दा देहाय बमोजिम गर्नुपर्नेछ**-**

१) लिखित,अन्तर्वार्ता तथा प्रयोगात्मक परीक्षा समेत उत्तीर्ण गरी सफल हुने उम्मेद्वारलाई नियुक्तिका लागि स्वयंसेवक शिक्षक तथा विधालय कर्मचारी छनौट समितिले शिक्षा शाखालाई आवश्यक निर्णय गरी सिफारिस गर्नु पर्नेछ।

२) दफा २३(१) मा जुन सुकै कुरा लेखिएको भएतापनि विधालय कर्मचारीको लागि अन्तर्वार्ता परीक्षा मात्र बाट सफल भएका विधालय कर्मचारीलाइ छनौट समितिले नियुक्तिका लागि आवश्यक निर्णय गरी शिक्षा शाखालाई सिफारिस गर्नु पर्नेछ।

३) यसरी परीक्षा छनौट समितिबाट प्राप्त सिफारिसका आधारमा नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले नियमानुसार सफल उम्मेद्वारलाई नियुक्ति गरी माग भए अनुसार स्वयंसेवक शिक्षक/ विधालय कर्मचारी आवश्यक रहेको विधालयमा हाजिर हुनको लागि पठाउनु पर्नेछ।

४) नियमानुसार सम्वन्धित विधालयले हाजिर हुन गएका स्वयंसेवक शिक्षक/ विधालय कर्मचारीलाई हाजिर गराई सोको जानकारी नगरपालिकाको शिक्षा,युवा तथा खेलकुद् शाखालाई दिनु पर्नेछ।

५) सामुदायिक विद्यालयमा गत विगत देखि कार्यरत निजी शिक्षक तथा कर्मचारीहरुलाई उमेरको हद लाग्ने छैन साथै विशेष ग्राहयता दिईनेछ।

## परिच्छेद-३

**२४. स्वयंसेवक शिक्षकको तलव भत्ता तथा अन्य सेवा सुविधा सम्वन्धी व्यवस्था:** नगरपालिकाले नियुक्त भएका स्वयंसेवक शिक्षकहरु/ विधालय कर्मचारीलाई नगरपालिकाको स्थानीय वजेटबाट व्यहोर्ने गरी तपसिल बमोजिम नघट्ने गरी तलव भत्ताका साथै अन्य सेवा सुबिधा उपलब्ध गराउनु पर्नेछः

**तपसिलः**

| क्र.सं. | तह | मासिक तलब भत्ता रु.(चाड पर्व खर्च सहित १३ महिनाको) | पोशाकभत्ता( बार्षिक १ पटक) | कैफियत |
|---|---|---|---|---|
| १. | माध्यमिक तह | २७,५००/-प्रति माहिना | रु.१०,०००/- | |
| २. | आधारभूत तह शिक्षक | २२,५००/- प्रति महिना | रु.१०,०००/- | |
| ३. | विधालय कर्मचारी | १५,०००/-प्रति महिना | रु.१०,०००/- | |

**२५. विदा सम्वन्धमा:** स्वयंसेवक शिक्षकले अन्य शिक्षकले पाए सरह भैपरी र पर्व विदा तथा सुत्केरी विदा पाउने छ।

**२६. स्वयंसेवक शिक्षकको काम कर्त्तव्य र अधिकार सम्वन्धमा:** स्वयंसेवक शिक्षकको काम कर्त्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) निर्धारित समयमा विधालयमा नियमित रुपले गई आएको र गएको समय जनाई हाजिरि गर्ने र विना अनुमति विधालयमा अनुपस्थित नहुने।

२) विधालयद्वारा तोकिएको विषय र कक्षा अध्यापन गर्ने गराउने।

३) विधालयको शैक्षिक वातावरण सुधारमा सहयोग गर्ने।

४) ईमान्दार, शिष्ट,नम्र,पारदर्शी र सदाचार व्यवहार अवलम्वन गर्ने।

५) शिक्षक- विधार्थी समुदायमा कुनै भाषा,धर्म,सम्प्रदाय विरोधी भावना नफैलाउने।

६) प्रचलित नियम कानुनको पालना गरी आफ्नो कार्य ईमान्दारी पूर्वक गर्ने।

**२७. स्वयंसेवक शिक्षकको अवकाश सम्वन्धमा:** स्वयंसेवक शिक्षकको अनुदान कोटा बढीमा एक(१) आर्थिक वर्षको लागि हुनेछ। अर्को आर्थिक वर्षको लागि स्वयंसेवक शिक्षकको कार्यसम्पादन संतोषजनक नभएको पाईएमा वा म्याद थप न.पा.को कार्यालयबाट नभएमा सो स्वयंसेवक शिक्षकको पद स्वतः खारेज हुनेछ।

२८. यस कार्यविधिमा उल्लेख भएका विषय यसै बमोजिम र कार्यविधिमा उल्लेख नभएका विषय प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

**प्रकाशित मिति २०८१ जेष्ठ १४ गते**

**आज्ञाले**
**(राम नारायण साह)**
**प्रमुख प्रशासकीय अधिकृत**